केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/६/०७५/७६

मिति: २०७५/०७/१६

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजातपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. १६/०७५ को बुँदा नं. १४ को साविकको व्यवस्थाको सट्टामा देहाय बमोजिमको व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**१४. निक्षेप सुरक्षण गराउने सम्बन्धमा**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दति खातामा रहेको रु.३ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण कोष" सँग सुरक्षण गर्ने/गराउने व्यवस्था गर्नु पर्ने र सो रकमलाई वृद्धि गरी क्रमश: रु.५ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण कोष" सँग सुरक्षण गराउने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

साथै, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा रहेको रु.३ लाख रुपैयाँसम्मको व्यक्तिगत बचत तथा मुद्दति निक्षेपको रकम र त्यस्ता निक्षेपकर्ताको संख्यात्मक विवरण त्रैमासिक रुपमा त्रयमास समाप्त भएको एक महिनाभित्र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई उपलब्ध गराउनु पर्नेछ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार, काठमाडौं।